# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्डः १ सङ्ख्याः १ मितिः २०७७।३।३१

## हेटौंडा उपमहानगरपालिका बालबालिका सम्बन्धी ऐन, २०७७
## सम्वत् २०७७ सालको ऐन नं. १

**प्रस्तावनाः-**

नेपालको संविधानले व्यवस्था गरेको बाल अधिकार र सो संगको संवैधानिक हकलाई कार्यान्वयन गर्न आएको बालबालिका सम्बन्धी ऐन, २०७५ तथा अन्तराष्ट्रिय बाल अधिकार महासन्धिको भावना अनुरुप वालमैत्री नगरको रुपमा स्थापित गराउन वाल अधिकार संरक्षणको क्षेत्रमा रहेका पारिवारिक एवं सामाजिक र संस्थागत चुनौतीहरुलाई सम्वोधन गर्दै उपमहानगरपालिकाबाट सञ्चालन गरिने कार्यक्रम र प्रवाह गरिने सेवामा बालबालिकाको भूमिका सहित संस्थागत रुपमा विकास गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अन्तरगत रहि यो ऐन तर्जुमा गरी लागु गरिएको छ ।

### परिच्छेद १

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम " हेटौंडा उपमहानगरपालिका बालबालिका सम्बन्धी ऐन, २०७७" रहने छ ।

(२) यो ऐन राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐन माः

(क) "उप प्रमुख" भन्नाले हेटौंडा उपमहानगरपालिकाको उप प्रमुख सम्झनु पर्दछ।

(ख) "उपमहानगरपालिका" भन्नाले हेटौंडा उपमहानगरपालिकालाई जनाउँछ ।

(ग) "बाल अधिकार" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ ले व्यवस्थित गरे बमोजिम बालबालिकाको अधिकारलाई जनाउछ ।

(घ) "महासन्धी" भन्नाले बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी सन् १९८९ लाई जनाउँछ ।

(ङ) "बाल कल्याण अधिकारी" भन्नाले ऐनको दफा ८ बमोजिम तोकिएको काम गर्ने अधिकारीलाई जनाउँछ।

(च) "बालबालिका" भन्नाले अठार वर्ष उमेर पुरा नगरेका व्यक्ती सम्झनु पर्दछ।

(छ) "प्रारम्भिक बालविकास" भन्नाले छ वर्ष मुनिका कुनै पनि वालवालिकाको सर्वाङ्गिग विकास (शारिरीक, सामाजिक, बौद्धिक र संवेगात्मक) सिकाईलाई जनाउँदछ।

(ज) "तोकिए वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बन्ने नियमावलीमा व्यवस्था हुने कुराहरुलाई जनाउनेछ।

(झ) "समिति" भन्नाले ऐनको दफा १४ बमोजिम गठित बाल अधिकार समितिलाई जनाउँछ ।

## परिच्छेद -२
## बालबालिकाको बाँच्न पाउने अधिकार

३ **बाँच्न पाउने अधिकारः-** (१)प्रत्येक बालबालिकालाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार हुनेछ।

(२) उपमहानगरपालिकाले बालबालिकाको सुरक्षित जन्म बाँच्न पाउने अधिकार र बालबालिकाको बिकासका लागि बालबालिकामाथि हुनसक्ने दुर्व्यवहारको रोकथाम, जोखिमको न्यूनिकरण लगायतका प्रतिरोधात्मक र सुरक्षा सेवाका लागि आवश्यक उपाय अवलम्वन गर्नेछ।

४ **नाम र पहिचानको अधिकारः-** (१) प्रत्येक बालबालिकालाई जन्मनासाथ आफ्नो पहिचान सहित नाम पाउने अधिकार हुनेछ भने बुवा, आमा वा संरक्षकले उनिहरुको नाम राखी प्रचलित कानून बमोजिम जन्म दर्ता गर्नुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि जवरजस्ती करणी वा प्रचलित कानून बमोजिम सजाय हुने हाडनाता करणीबाट र विवाह गर्नु अघि नै जन्मिएका बुवा पत्ता नलागेका बालबालिकाको हकमा आमाले चाहेमा आमाको नाम मात्र उल्लेख गरी जन्मदर्ता गरिदिनु पर्छ।

## परिच्छेद -३
## बालबालिकाको संरक्षणको अधिकार

५ **उचित स्याहार हेरचाह पालनपोषणको अधिकारः-** (१) कुनै पनि बालबालिकालाई बुवा आमासँगै बस्ने, बालमैत्री वातावरणमा हुर्कने र बावु आमाबाट उचित स्याहार, हेरचाह, पालनपोषण, संरक्षण तथा माया ममता प्राप्त गर्ने अधिकार हुनेछ।

(२) कुनै पनि बालबालिकाको स्याहार, हेरचाह र पालनपोषणमा बाबु आमाको समान दायित्व हुनेछ।

६ **गोपनियताको अधिकारः-** (१) प्रत्येक बालबालिकाको निजको जिउ, आवास, चरित्र, लिखत, तथ्याङ्क, व्यक्तिगत सूचना, पत्राचार र सम्पत्तिमा गोपनियताको अधिकार हुनेछ।

(२) कसैले पनि बालबालिकाको चरित्रमा आघात पार्ने वा निजलाई लाज, ग्लानी वा अपहेलना हुने किसिमको निजको व्यक्तिगत सूचना विवरण वा फोटो सृजना, सङ्कलन, प्रकाशन, मुद्रण, प्रदर्शन वा बिक्री वितरण गर्नु गराउनु हुदैन।

(३) अदालत वा प्रहरी कार्यालयमा कसुरजन्य कार्यको आरोप लागेका वा पीडित बालबालिकाको नाम, थर, ठेगाना, उमेर, लिंङ्ग, पारिवारिक पृष्ठभूमि, आर्थिक स्थिती, कसुर तथा त्यस सम्बन्धमा कुनै कारवाही भएको भए सो लगायत बालबालिकाको पहिचान खुल्ने विवरण गोप्य राखु पर्नेछ।बालबालिकाको कुनै विवरण कानून बमोजिम बाहेक अन्यत्र प्रयोग गरिनु हुँदैन।

तर यस्तो विवरण कुनै अध्ययन वा शोध कार्यका लागि प्रकाशित गर्नु परेमा बालबालिका र निजको परिवारको नाम, थर, घर, ठेगाना तथा अन्य पहिचान नखुल्ने गरी उमेर वा लिङ्ग मात्र उल्लेख गरी निज बालबालिका र परिवारको सहमति लिई प्रकाशन गर्न सकिनेछ।

७ **अपाङ्गता भएका बालबालिकाको विशेष अधिकारः_**(१) अपाङ्गता भएका प्रत्येक बालबालिकालाई आफ्नो मान प्रतिष्ठा सुनिश्चित गर्ने, आत्मनिर्भरता प्रवर्द्धन गर्ने, समाजमा सक्रिय रुपले सहभागी हुने तथा सम्मानजनक रुपमा बाँच्न पाउने हक हुनेछ।

(२) अपाङ्गता भएका बालबालिकालाई विशेष हेरचाह पाउने र समाजमा घुलमिल हुन तथा आफ्नो व्यक्तिगत विकासको लागि शिक्षा, तालिम, स्वास्थ्य स्याहार सेवा, पुनर्स्थापना सेवा, रोजगारीको तयारी तथा मनोरञ्जनका अवसर प्राप्त गर्ने अधिकार हुनेछ।

(३) अपाङ्गता भएका बालबालिकालाई सार्वजनिक सेवा, सुविधामा समान पहुँच र उपभोगको अधिकार हुनेछ।

८ **बाल कल्याण अधिकारीः-** हेटौंडा उपमहानगरपालिकामा एक बालकल्याण अधिकारी रहनेछ । बालकल्याण अधिकारीले बालबालिकाको अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन तथा बाल संरक्षण गर्नुपर्नेछ। बाल कल्याण अधिकारीको काम कर्तब्य र अधिकार तथा सेवाको शर्त लगायत व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -४
## बालबालिकाको बिकासको अधिकार

९ **प्रारम्भिक बालबिकास तथा शिक्षाको अधिकारः-** (१) ६ वर्ष मुनिका कुनै बालबालिकालाई आफ्नो उमेर र विकासको स्तर अनुसार खेलको माध्यम वातावरणमा आधारित अनुभव र खोजमूलक ढंगले सिक्न पाउने तथा प्रारम्भिक बाल विकासको अधिकार हुनेछ।

(२) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क रुपमा बालमैत्री वातावरणमा पाउने हक हुनेछ।

(३) प्रत्येक बालबालिकाले आफ्नो शारीरिक तथा मानसिक अशक्तताका आधारमा उपयुक्त अध्ययन सामग्री तथा शिक्षण विधिमार्फत शिक्षा पाउने हक हुनेछ।

१० **पोषण एवम स्वास्थ्यको अधिकारः-** (१) प्रत्येक बालबालिकालाई उचित पोषण शुद्ध खानेपानी तथा स्तनपानको अधिकार हुनेछ।

(२) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम सामाजिक सुरक्षा प्राप्त गर्ने अधिकार हुनेछ।

(३) प्रत्येक बालबालिकालाई स्वच्छ वातावरणमा बाँच्ने अधिकार हुनेछ।

(४) गर्भवती महिला स्तनपान गराउन आमा र बालबालिकालाई रोगबाट बच्न आवश्यक खोपहरु लिन पाउने र राष्ट्रिय मापदण्ड अनुरुपको शारीरिक तथा मानसिक स्वास्थ्य सेवा उपयोग गर्न पाउने उमेर अनुसार शरीर प्रजनन तथा प्रजनन स्वास्थ्य सम्बन्धी जानकारी पाउने अधिकार हुनेछ।

(५) प्रत्येक बालबालिकालाई आधारभूत स्वास्थ्य सम्बन्धी उपचारको अधिकार हुनेछ।

११ **खेलकुद मनोरञ्जन तथा सांस्कृतिक अधिकारः-** (१) प्रत्येक बालबालिकालाई निजको उमेर र रुचि अनुसारको खेल खेल्ने र खेलकुदमा सहभागी हुने अधिकार हुनेछ।

(२) प्रत्येक अभिभावक तथा विद्यालयले पठनपाठन बाहेकको समयमा खेलकूदमा सहभागी हुन बालबालिकालाई प्रोत्साहन गर्ने र त्यसको लागि आवश्यक उपयुक्त खेलकुद स्थल र खेलकुद सामाग्रीको व्यवस्था गर्नु पर्नेछ।

(३) प्रत्येक बालबालिकालाई आफ्नो उमेर रुचि र आवश्यकता अनुसार मनोरञ्जन गर्नै अधिकार हुनेछ।

(४) आफ्नो हितमा प्रतिकूल नहुने गरी प्रत्येक बालबालिकालाई आफ्नो धर्म, संस्कृती, चलन, रीतीरिवाज र आस्था अनुरुप सांस्कृतिक क्रियाकलापमा भाग लिने अधिकार हुनेछ।

## परिच्छेद -५
## बालबालिकाको सहभागिताको अधिकार

१२ **सूचना तथा सहभागिताको अधिकारः-** (१) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम आफ्नो तथा सार्वजनिक सूचनाको जानकारी पाउने हक हुनेछ।तर सूचना दिंदा उनीहरुको बौद्धिक अवस्था अनुकुल हुने गरी सरल भाषामा सहज रुपमा दिनु पर्दछ।

१३ **बाबु आमासँग भेटघाट र सम्पर्क गर्नै अधिकारः-** (१) कुनै पनि बालबालिकालाई उसको सर्वोतम हितलाई ख्याल गरी बुबा वा आमाबाट भिन्न वा अलग गर्नु हुदैन।

(२) बुवा वा आमा वा दुवैसंग भिन्न वा अलग बसेको बालबालिकालाई बुवा आमासँग व्यक्तीगत सम्बन्ध कायम राख्न वा नियमित रुपमा प्रत्यक्ष सम्पर्क वा भेटघाट गर्ने, टेलिफोन गर्ने, पत्राचार गर्ने वा बिद्युतिय सञ्चार माध्यमबाट सम्पर्क गर्ने अधिकार हुनेछ।

(३) धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तीले धर्मपुत्र वा धर्मपुत्री हुने बालबालिकालाई निजको इच्छा अनुसार आफ्नो जन्मदिने बावु आमासँग सम्पर्क तथा पत्राचार गर्न दिनु पर्नेछ।

## परिच्छेद ६
## बाल अधिकार समिति सम्बन्धी व्यवस्था

**१४. बाल अधिकार समितिको गठनः**

(१) हेटौंडा उपमहानगरपालिकामा देहाय बमोजिमको एक बाल अधिकार समिति रहनेछ ।

(क) उपमहानगरपालिकाको उपप्रमुख ............................................................संयोजक

(ख) उपप्रमुखले तोकेका नगर सभाका एक महिला सदस्य सहित दुई....................सदस्य

(ग) जिल्ला प्रशासन कार्यालयको अधिकृतस्तरको प्रतिनिधी.................................... सदस्य

(घ) जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका सेवा केन्द्रको प्रमुख.........सदस्य

(ङ) जिल्ला बाल न्याय समिति संयोजक/प्रतिनिधि........................................................सदस्य

(च) बाल अधिकारको क्षेत्रमा काम गर्ने गैर सरकारी संस्थाको एक महिला सहित दुई.......................................................................................सदस्य

(छ) उपमहानगरपालिकाको बालबालिका माहाशाखा प्रमुख............................ सदस्य सचिव

**१५. बाल अधिकार समितिको काम कर्तव्य र अधिकारः**

(क) बालबालिकाको हकहित संरक्षण सम्बन्धी योजनाको तर्जुमा गरी कार्यपालिकामा पेश गर्ने ।

(ख) बाल अधिकार सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ग) उपमहानगरभित्र बालअधिकार हननका घटनाहरुलाई निवारण गर्न आवश्यक पहल एवं अनुगमन गर्ने ।

(घ) विशेष संरक्षणको आवश्यकता पर्ने बालबालिकाहरुलाई उचित पुनर्स्थापनाको व्यवस्था मिलाउने ।

(ङ) बाल अधिकारको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरुको अभिलेख राख्ने, अनुगमन र नियमन गर्ने ।

(च) राहत र पुनर्स्थापनाका लागि आवश्यक रकम बिनियोजित बजेटबाट समितिको निर्णय बमोजिम खर्च गरिने छ।

**१६. बाल अधिकार समितिको कार्यकालः** दफा १४ बमोजिम गठित समितिको कार्यकाल पदेन सदस्यको हकमा वाहेक गठन भएका मितिले तीन वर्षको हुनेछ ।

## परिच्छेद -७

## समाजसेवी तथा बाल मनोविज्ञ

१७ **समाजसेवी तथा बाल मनोविज्ञः**

(१) समाजसेवीको रुपमा सुचिकृत हुन निम्नानुसारको योग्यता हुनुपर्नेछः-

क. मान्यता प्राप्त विश्वविद्यालयबाट सामाजिक कार्य, बाल विकास वा वाल अधिकारको विषय लिई कम्तिमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तीमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरी बालअधिकार वा समाजसेवाका सम्वन्धमा कम्तीमा एक महिनाको तालिम प्राप्त गरेको,

ख. फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको,

ग. हेटौंडा उपमहानगरपालिकाको क्षेत्रभित्र स्थायी रुपमा बसोबास गरेको हुनुपर्ने।

(२) बाल मनोविज्ञको रुपमा सुचिकृत हुन निम्नानुसारको योग्यता हुनुपर्नेछः-

क. हेटौंडा उपमहानगरपालिकाको क्षेत्रभित्र स्थायी रुपमा बसोबास गरेको हुनुपर्ने,

ख. निजको उमेर २५ वर्ष पुरा भई ६० वर्ष ननाघेको हुनुपर्ने,

ग. मान्यता प्राप्त विश्वविद्यालयबाट मनोविज्ञान विषय लिई कम्तीमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तिमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरी बालअधिकार वा मनोविज्ञानका सम्बन्धमा कम्तीमा दुई महिनाको तालिम प्राप्त गरेको,

घ. फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको ।

(३) समाजसेवी तथा बाल मनोविज्ञको रुपमा सुचिकृत हुन चाहने व्यक्तीले स्थानीय बाल अधिकार समिति समक्ष अनुसुची १ को ढाँचामा निबेदन दिनु पर्नेछ।

१८ **समाजसेवी तथा बाल मनोविज्ञको पदावधीः** समाजसेवी तथा बाल मनोविज्ञको पदावधि चार वर्षको हुनेछ र निजहरुको पुनः नियुक्ति हुन सक्नेछ।

१९ **समाजसेवी तथा बाल मनोविज्ञलाई हटाउन सक्नेः-** समाजसेवी तथा बाल मनोविज्ञलाई देहायको अवस्थामा हेटौंडा उपमहानगरपालिकाले हटाउन सक्नेछः

क. खराव आचरण भएमा,

ख. कार्यक्षमताको अभाव भएमा,

ग. इमान्दारी पूर्वक पदीय कर्तव्य पालना नगरेमा,

घ. बाल इजलासका लागि माग भई आएकोमा बाल अदालतमा वा बाल इजलासमा बस्न सुचित गर्दा बिना कारण लगातार तीन पटकसम्म उपस्थित नभएमा।

## परिच्छेद -८
## खर्च व्यवस्थापन

२० **खर्च व्यवस्थापनः** (१)बालबालिकालाई तत्काल उद्धार, राहत र पुनर्स्थापना गर्न लाग्ने आवश्यक दायित्व उपमहानगरपालिकाको रहनेछ।

## परिच्छेद -९
## विविध

२१ **बालबालिकाको कर्तव्यः-** बुवाआमा संरक्षक र शिक्षकले बालबालिकाको सर्वोतम हितलाई विचार गरी दिएको सल्लाह सुझाव मार्गदर्शन र निर्देशन पालना गर्नु सबैलाई सम्मान र आदर गर्नु आफूभन्दा सानालाई माया गर्नु साथीहरु बिच माया सदभाव बढाउनु मिलेर बस्नु र अनुशासन पालना गर्नु प्रत्येक बालबालिकाको कर्तव्य हुनेछ।

२२ **अनुगमन तथा निरिक्षणः-** हेटौंडा उपमहानगरपालिका बाल अधिकार समितिले आफ्नो क्षेत्रभित्र रहेका बालसुधार गृह, बालगृह र बालबालिकाका लागि सञ्चालनमा रहेका आवासिय तथा अन्य गृह समेत जहिले सुकै निरिक्षण गरी निर्देशन दिने तथा नियमन गराउनेछ।

२३ **कानूनी सहायताः-** उपमहानगरपालिकाले कानूनी विवादमा परेका वालवालिकालाई आवश्यकता परेमा निशुल्क कानूनी सहायता उपलब्ध गराउन सक्नेछ।

२४. **नियम बनाउने अधिकारः**

(क) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक नियमावली बनाउने अधिकार कार्यपालिकालाई हुनेछ ।

२५. **बाधा अडकाउ फुकाउने अधिकारः**

(क) यस ऐनको उद्देश्य कार्यान्वयन गर्दा बाधा अड्काउ परेमा बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकामा हुनेछ ।

**अनुसुची १**

(दफा १७ को उपदफा ३ संग सम्बन्धित)

श्री अध्यक्ष
बाल अधिकार समिति
हे.उ.म.न.पा.

बिषयः- समाजसेवी/बाल मनोविज्ञको रुपमा सुचिकृत गरि पाँउ।

उपर्युक्त बिषयमा जि.म. हे.उ.म.न.पा. वडा नं...... बस्ने म निवेदक .................................. ले विगत बर्ष......देखि .................................................................. संचालन गर्दै/ बालबालिकाको क्षेत्रमा कार्य गर्दै आइरहेकोमा मलाई बालबालिकाको क्षेत्रमा ज्ञान भएको र यहि क्षेत्रमा थप सेवा गर्ने मनसाय भएकाले समाजसेवी/बाल मनोविज्ञको रुपमा सुचिकृत गरि पाउ भनि निवेदन गर्दछु।

<u>आवश्यक कागजातहरु</u>

१ नागरिकताको प्रतिलिपी
२ अनुभवको प्रमाण पत्र/शिफारिस
३ शैक्षिक योग्यताको प्रमाण पत्र प्रतिलिपी

निवेदक

**आज्ञाले,**
**गोपाल प्रसाद बगाले**
**प्रमुख प्रशासकीय अधिकृत**